# स्थानीय राजपत्र

सुन्दरबजार नगरपालिकाद्वारा प्रकाशित

खण्ड २) लमजुङ, असार ३० गते, २०७५ साल (अतिरिक्ताङ्क १२

# भाग १

## सुन्दरबजार नगरपालिकाको

## अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन, २०७५

**प्रस्तावना :** सुन्दरवजार नगरपालिकाको आर्थिक वर्ष २०७५/७६ को अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयनको निमित्त स्थानिय कर, शुल्क, दस्तुर र जरिवाना संकलन गर्न, छुट दिन तथा अन्य आय संकलनको प्रशासनिक व्यवस्था गर्न बाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम सुन्दरबजार नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

१) <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यस ऐनको नाम **"आर्थिक ऐन, २०७५"** रहेको छ ।

(२) यो ऐन २०७५ साल श्रावण १ गतेदेखि सुन्दरवजार नगरपालिका क्षेत्रमा लागू हुनेछ ।

२) **<u>परिभाषा र ब्याख्या</u> :**

(क) एकिकृत सम्पत्ति कर भन्नाले कुनै ब्यक्ति वा संस्थाको स्वामित्वमा सुन्दरवजार नगरपालिकाको क्षेत्रभित्र रहेको जग्गा र सो जग्गामा बनेको स्थाई संरचना (घर, गोठ, टहरा, गोदाम,आदि समेतमा) नगरपालिकाले लगाउने कर भन्ने बुझिन्छ ।

(ख) सवारी साधन कर भन्नाले नगरपालिका क्षेत्र भित्र दर्ता भएका सवारी सवारी साधनमा लगाउने कर भन्ने बझिन्छ ।

(ग) घर जग्गा कर भन्नाले एकिकृत सम्पत्तिकर नलगाएको जग्गामा बनेको घर र सोही जग्गामा लगाईने कर भन्ने बुझिन्छ ।

(घ) मालपोत भन्नाले एकिकृत सम्पत्तिकर नलगाइएको जग्गामा लगाईने मालपोत वा भूमिकर भन्ने बुझिन्छ ।

(च) बाह्य आय भन्नाले नगरपालिकालाई नेपाल सरकार बाट प्राप्त हुने समानीकरण अनुदान,सशर्त अनुदान, अन्य अनुदान, विभिन्न दातृ निकायहरुबाट प्राप्त हुने अनुदान तथा नेपाल सरकार एवं अन्य निकायहरुबाट प्राप्त हुने ऋण तथा अन्य बाह्य आय समेत भन्ने बुझिन्छ ।

(३) **एकिकृत सम्पत्ति कर :** (१) सुन्दरबजार नगरपालिका क्षेत्रभित्र कुनै ब्यक्ति वा संस्थाको स्वामित्वमा रहेको जग्गा र सो जग्गामा बनेको स्थाइ संरचना (घर, गोठ, टहरा, गोदाम आदि समेतमा)मा एकिकृत सम्पत्तिकर लगाईने र असूलउपर गरिने छ ।

(२) उपदफा (१) बमोजिम लगाईने सम्पत्तिकर अनुसूचि (१) बमोजिम हुनेछ ।

(३) एकिकृत सम्पत्तिकर नगरपालिकाले निर्धारण मूल्यांकनलाई आधार लिईने छ ।

(४) एकिकृत सम्पत्तिकर निर्धारण प्रायोजनका लागि कुनैपनि भौतिक संरचनाको मूल्यांकन गर्दा अनुसूचि (२) मा उल्लेख दर अनुसार गरिनेछ ।

(५) एकिकृत सम्पत्तिकर निर्धारण प्रायोजनका लागि कुनैपनि भौतिक संरचनाको मूल्यांकन गर्दा अनुसूचि (३)मा उल्लेख दर अनुसार ह्रास कट्टी गरिनेछ ।

(६) नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेका जग्गा तथा सो जग्गामा बनेका भौतिक संरचनामा एकिकृत सम्पत्तिकर लगाईने छैन ।

(७) उपदफा (१) बमोजिम एकिकृत सम्पत्तिकर लागेको सम्पत्तिमा घरजग्गाकर तथा मालपोत वा भूमि कर लाग्ने छैन । तर एकिकृत सम्पत्तिकर लागू हुनुभन्दा अगाडी को बक्यौतामा घर जग्गा कर तथा मालपोत असूली गर्न यस दफाले बाधा पुऱ्याएको मानिने छैन ।

(८) थपिएका वडाहरु चन्द्रेश्वर, दुराडांडा, धुसेनी, सिंदुरे समेत सबै ११ वटै वडाहरुमा आ.व २०७५ श्रावण १ देखि एकिकृत सम्पत्तिकर असुल गरिनेछ ।

(४) **मालपोत (भूमिकर** ) : (१) एकिकृत सम्पत्तिकर नलगाएको जग्गामा वडाहरुको साविकको दररेट अनुसार मालपोत तथा भूमिकर लगाईने र असुलउपर गरिने छ ।

**(५) घरजग्गा कर : (१)** एकिकृत सम्पत्तिकर नलगाईएको जग्गामा वडाहरुको साविक दररेट अनुसार घर जग्गाकर लगाईने र असुलउपर गरिनेछ आ.व २०७५ श्रावण १ देखि सबै वडा हरुमा एकिकृत सम्पत्तिकर लगाईने र असुल गरिनेछ ।

(६) **घरबहाल कर : (१)** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले व्यापारिक भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, टहरा, छप्पर, जग्गा, पोखरी आदि पुरै वा आंशिक तबरले बहालमा दिएकोमा

अनुसूचि (४) बमोजिम घरजग्गा बहालकर लगाईने र असुलउपर गरिनेछ ।

(२) उपदफा(१) बमोजिम बहालकर निर्धारण प्रायोजनका लागि घर धनि र बहालमा बस्ने ब्यक्ति वा संस्थाको विचमा भएको सम्झौता वा नगरपालिकाले निर्धारण गरेको न्युनतम बहाल दर जुन बढि हुन्छ सो बहालदरलाई आधारमानि बहालकर निर्धारण गर्न सकिनेछ ।

(३) नगरपालिकाले कुनै भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा, पोखरी आदि पूरै वा आंशिक तवरले बहालमा दिने ब्यक्ति वा संस्थालाई आफ्नो सम्पत्ति बहालमा दिदा बहालमा बस्नेसंग अनिवार्य रुपमा सम्झौता गर्नुपर्ने गरि आदेश दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम सम्झौता गरि बहालमा बस्ने ब्यक्ति वा संस्थाको ब्यक्तिगत विवरण तथा निजसंग भएको सम्झौताको एक प्रति नगरपालिकाको कार्यालयमा समेत बुझाउन अनिवार्य गर्न सक्नेछ ।

(५) बहालकर निर्धारण प्रायोजनका लागि नगरपालिकाले बहाल रकमलाई समसामायिक एवं ब्यवहारिक बनाउन कुनै क्षेत्र ,सडक वा बस्तीलाई आधार मानेर बहालको न्यूनतम दर तोक्न सक्नेछ ।

(६) नगर कार्यपालिकाले बहालकर संकलनको लागि प्रभावकारिता बृद्धि गर्नका लागि आवश्यक निर्णय लिन सम्नेछ ।

**घर बहाल कर सम्वन्धमा थप पुष्टाई**

सुन्दरबजार नगरपालिकाको वित्तिय अधिकार क्षेत्र भित्र रहेको घर जग्गा बहाल कर अव नगरपालिकाले संकलन गर्ने विषयमा नेपाल सरकारले मिति २०७५/१/१० मा नेपाल राजपत्रमा सुचना प्रकासित गरी घर बहाल कर सम्वन्धमा स्पष्ट ब्यबस्था गरेको हुँदा चालु आ.व २०७४/०७५ देखि नैं नगरपालिका क्षेत्रभित्र कुनै ब्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमा दिएकोमा अनुसूची ४ बमोजिम घर जग्गा बहाल कर लगाइने र असुल गरिनेछ । साथै नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७४/१२/१२

को निर्णयअनुसार प्राकृतिक व्यक्तिले आर्जन गर्ने बहालमा लाग्ने घर बहाल कर नेपालको संविधान, २०७२ अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र प्रचलित कानून बमोजिम सम्बन्धित स्थानीय तहले संकलन गर्ने गरी निर्णय भएकोले चालु आर्थिक बर्ष २०७४/०७५ मा नेपाल सरकार आन्तरिक राजश्व कार्यालयमा बहाल कर बुझाएको हकमा पेश गरेको प्रमाणको आधारमा २ प्रतिशत (१२ प्रतिशतमा नपुग रकम) र नबुझाएको हकमा १२ प्रतिशत घर बहाल कर असुल गर्ने, गराउने । कर्पोरेट हाउस (अप्राकृतिक व्यक्ति) को हकमा आन्तरिक राजश्व कार्यालयमा बुझाएको प्रमाण पत्रलाई आधार मानि १२ प्रतिशतमा नपुग हुने २ प्रतिशत घर बहाल कर बुझिलिने ।

बहाल आय बुझ्ने व्यक्ति (प्राकृतिक व्यक्ति) भएमा १२ प्रतिशतले हुने बहाल कर असुल गर्ने ।

बहाल आय बुझ्ने संस्था (अप्राकृतिक व्यक्ति) भएमा सो संस्थासंग नेपाल सरकार आन्तरिक राजश्व कार्यालयमा बहाल कर दाखिला गरेको प्रमाण पेश गर्न लगाई २ प्रतिशत बहाल कर असुल गर्ने ।

बहाल कर असुली गर्दा पछिसम्म फरक नपर्ने गरी स्वयं घोषणा गर्न लगाई पछि फरक परेमा नियमानुसार भई जाने व्यहोरा जनाई स्वयं घोषणा गर्न लगाइनेछ ।

(७) **व्यवसाय कर :** (१) नगरपालिका क्षेत्रभित्र व्यापार,व्यवसाय ,वा सेवामा व्यवसायको प्रकृत्ति,पूँजिगत लगानी र आर्थिक कारोवार समेतको आधारमा अनुसूचि (५)बमोजिम ब्यवसाय कर लगाईने र असुलउपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको व्यवसायकर निर्धारण तथा संकलका लागि नगरपालिकाले स्थानिय उद्योग बाणिज्य संघ ,विज्ञ, राजश्व परामर्श समिति एवं सरोकारवालाहरु सँग आवश्यक परामर्श लिन सक्नेछ ।

(८) **सवारी साधन कर** :(१) नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधनकर लगाईने र असुल

गरिने छ । तर, प्रदेश कानून स्वीकृत भै सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

(९) **विज्ञापन कर** :(१) नगरपालिका क्षेत्रभित्र हुने विभिन्न प्रकारका विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाईने र असुल गरिनेछ । तर प्रदेश कानून स्वीकृत भै सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

(१०) **सेवा शूल्क** : (१) नगरपालिकाले आफैंले निर्माण ,संचालन ,वा ब्यवस्थापन गरेका अनुसूचि (८)मा उल्लेख भए अनुसारका स्थानिय पूर्वाधार र उपलब्ध गराएको सेवामा सेवाग्राहिबाट सोहि अनुसूचिमा व्यवस्था भएबमोजिमको सेवा शूल्क लगाईने र असुलउपर गरिनेछ ।

(११) **घर नक्सापास दस्तुर** :(१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र बनेका भौत्तिक संरचनाहरुको अनुसूचि(९) मा उल्लेख भए बमोजिमको दरमा नक्सापास दस्तुत लगाईने र असुल उपर गरिनेछ ।

(१२) **पार्किङ शुल्क** : नगरपालिकाका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत नगरपालिकाले पार्किङ शुल्क लगाउन सक्नेछ ।

(१३) **पर्यटन शुल्क** : नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रबेश गर्ने पर्यटकहरुबाट तोकिएबमोजिमको दरमा पर्यटन शुल्क लगाईने र असुलउपर गर्न सक्नेछ । यस ऐन बमोजिम पर्यटन शुल्क लगाउनका लागि पर्यटकिय क्षेत्र र सो शुल्कका दरहरु समेत निर्धारण गर्न सक्नेछ । पर्यटन शुल्क निर्धारण गर्दा पर्यटकीय क्षेत्रका लागि भएको लगानी ,विकास तथा यसको महत्व समेतलाइ दृष्टिगत गरि निर्धारण गर्न सक्नेछ । तर प्रदेश कानून स्वीकृत भै सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा वमोजिम हुने गरि नियमावली निर्माण गरि ब्यवस्थापन गरिनेछ ।

(१४) **मनोरञ्जन कर** : (१) नगरपालिका क्षेत्रभित्र हुने विभिन्न प्रकारका मनोञ्जन ब्यवसायमा प्रदेश कानुनमा ब्यवस्था भए बमोजिम मनोरञ्जन कर लगाउन सक्नेछ ।

(१५) **बहाल विटौरी शुल्क** : (१) नगरपालिकाका क्षेत्रभित्र नगरपालिका आफैंले निर्माण गरेका वा रेखदेख वा संञ्चालन गरेका पसल वा हाट बजार बाट शुल्क संकलनका लागि नगरपालिकाले आवश्यक कार्यविधि बनाई निर्दिष्ट गरेका क्षेत्रका सूचि तयार गरि सोही आधारमा बहाल वा शुल्क निर्धारण गरिनेछ ।

१६) **दहत्तर बहत्तर** (रोडा ढुङ्गा, गीट्टी,चिप्स माटो बालुवा चुनढुङ्गा र काठ दाउरामा) मा प्रदेश कानुन ले निर्धारण गरेको शुल्क बमोजिम अनुसूचि १० बमोजिम हुने गरि असुल उपर गरिनेछ ।

(१७) **वातावरण प्रदुषण शुल्क** : (१) नगरपालिका क्षेत्रभित्र रहेका वातावरणमा प्रतिकुल प्रभावपार्ने उद्योग,व्यवसाय वा वातावरण प्रदुषणमा भूमिका निर्बाह गर्ने किसिमका वस्तु वा सेवाको कारावार गर्ने ब्यक्ति वा संस्थाई आवश्यक शुल्क निर्धारण गरि वातावरण प्रदुषण शुल्क लगाईनेछ ।

(१८) **कर छुट** : यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

(१९) **कर तथा शुल्क संकलन सम्वन्धी कार्यविधि** : यो ऐनमा भएको ब्यवस्था अनुसार कर तथा शुल्क सम्वन्धी कार्यविधि नगरकार्यपालिकाले तोके अनुसार हुनेछ ।

(२०) **बिबिध** :(१) नेपालको संविधान २०७२ को धारा ५७(५), १०९, १६२ (४), १९७, २१४(२), २२१(२), र २२६(१) सँग सम्वन्धित अनुसूची ९ अनुसार संघ,प्रदेश र स्थानिय तहको अधिकारको साझा सूचिमा परेका अधिकारकारहरुको हकमा प्रदेश तथा संघिय कानून स्वीकृत भै सोहि कानूनमा ब्यवस्था भए बमोजिम हुनेछ ।

(२) कर ,शुल्क तथा दस्तुरहरुको दर निर्धारण गर्दा स्थानिय स्वायत्त शासन ऐन,२०५५तथा स्थानीय स्वायत्त शासन नियमावली ,२०५६ तथा अन्य नगरपालिकाका हरुले अवलम्वन गरेका अभ्यास समेतलाई आधार लिन सकिनेछ ।

(३) यस ऐन बमोजिम कर,शुल्क तथा दस्तुर संकलनका लागि नगरपालिकाले निजी क्षेत्रको सीप, क्षमता र पूँजिलाई अधिकतम उपयोग गर्नेगरी आवश्यक रणनीति निमार्ण गरी सार्वजनिक निजि

साझेदारी (public private partnership-ppp) को अवधारण अनुसार आवश्यकता र प्रभावकारिता समेतलाई मध्यनजर गरि केहि आयोजना कार्यान्वयन गर्न सक्नेछ ।

(४) आफ्नो अधिकार क्षेत्रभित्रको कर,शुल्क तथा दस्तुरहरु निर्धारण एवं संकलन गर्ने सन्दर्भमा नगरपालिकाले सरकारी वा गैरसरकारी संस्था, नगरबासीहरु र सरोकारवालाहरु समेतको आवश्यक परामर्श एवं सहायोग लिन सक्नेछ ।

(५) यस ऐनमा उल्लेख भएका प्रावधानहरु संघिय वा प्रादेशिक कानूनसँग बाझिएको हदसम्म अमान्य हुनेछ ।

# सुन्दरबजार नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
# अनुसूचि १
# आर्थिक ऐन २०७५को दफा ३(२) संग सम्वन्धित
# एकीकृत सम्पत्ति कर
# आ.व २०७५/०७६

| क्र.सं. | देखि | सम्म | कर निर्धारण |
|---|---|---|---|
| १ | १ | १,००,००० | १०० |
| २ | १००००१ | २५०००० | १२५ |
| ३ | २५०००१ | ४००००० | १५० |
| ४ | ४००००१ | ६००००० | १७५ |
| ५ | ६००००१ | ८००००० | १८५ |
| ६ | ८००००१ | १०००००० | २०० |
| ७ | १००००००१ | १२५०००० | २५० |
| ८ | १२५०००१ | १५००००० | ३०० |
| ९ | १५०००००१ | १७५०००० | ३५० |
| १० | १७५०००१ | २०००००० | ४०० |
| ११ | २००००००१ | २२००००० | ५०० |
| १२ | २२०००००१ | २४००००० | ६०० |
| १३ | २४०००००१ | २६००००० | ७०० |
| १४ | २६०००००१ | २८००००० | ८०० |
| १५ | २८०००००१ | ३०००००० | ९०० |
| १६ | ३००००००१ | ३२५०००० | १२०० |
| १७ | ३२५०००१ | ३५००००० | १४५० |
| १८ | ३५०००००१ | ३७५०००० | १७०० |
| १९ | ३७५०००१ | ४०००००० | १९५० |
| २० | ४००००००१ | ४२५०००० | २२०० |
| २१ | ४२५०००१ | ४५००००० | २४५० |

| | | | |
|---|---|---|---|
| २२ | ४५००००१ | ४७५०००० | २७५० |
| २३ | ४७५०००१ | ५०००००० | ३००० |
| २४ | ५०००००१ | ६०००००० | ३५०० |
| २५ | ६०००००१ | ७०००००० | ५००० |
| २६ | ७०००००१ | ८०००००० | ६५०० |
| २७ | ८०००००१ | ९०००००० | ८००० |
| २८ | ९०००००१ | १००००००० | १०००० |
| २९ | १००००००१ | १२०००००० | १२००० |
| ३० | १२०००००१ | १४०००००० | १४००० |
| ३१ | १४०००००१ | १६०००००० | १६००० |
| ३२ | १६०००००१ | १८०००००० | १८००० |
| ३३ | १८०००००१ | २००००००० | २०००० |
| ३४ | २००००००१ | २५०००००० | २५००० |
| ३५ | २५०००००१ | ३००००००० | ३०००० |
| ३६ | ३००००००१ | ३५०००००० | ३५००० |
| ३७ | ३५०००००१ | ४००००००० | ४०००० |
| ३८ | ४००००००१ | ४५०००००० | ५०००० |
| ३९ | ४५०००००१ | ५००००००० | ६०००० |
| ४० | ५००००००१ | माथि | रु.२ प्रति हजार |

***नोट :*** *आर्थिकबर्ष सुरु भएको श्रावण १ दखि पौष मसान्त सम्म १० प्रतिशत एकिकृत सम्पत्तिकर छुट हुने ।*

## सुन्दरबजार नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय

अनुसूचि २

## आर्थिक ऐन २०७५ को दफा ३ (४) संग सम्वन्धित

# ४.संरचनाको मूल्य निर्धारण

| | RCC frem RCC ढलान प्रति SQ F. | सिमेन्टको जोडाईमा ईट्टा ढुङ्गा को गाह्रो RCC ढलान प्रति SQ F. | माटोको जोडाईमा ईट्टा ढुङ्गाको गाह्रो RCC ढलान प्रति SQ F. | RCC frem जस्ताको छाना प्रति SQ F. | सिमेन्टको जोडाईमा ईट्टा, ढुङ्गा ,ब्लकको गाह्रो जस्ता ,स्लेटको छाना प्रति SQ F. | माटोको जोडाईमा ईट्टा ढुङ्गाको गाह्रो जस्ता, स्लेटको छाना प्रति SQ F. | माटोको जोडाईमा ईट्टा, ढुङ्गाको गाह्रो खरको छाना प्रति SQ F. |
|---|---|---|---|---|---|---|---|
| व्यापारिक | 1200 | 1000 | 850 | 750 | 500 | 450 | 200 |
| आवसीय | 1150 | 950 | 800 | 700 | 450 | 400 | 150 |
| कृषि | 1100 | 900 | 750 | 650 | 400 | 350 | 100 |

# अनुसूचि ३

## आर्थिक ऐन २०७५ को दफा ३ (५) संग सम्वन्धित

| भौतिक सरचनाको वर्गिकरण | संरचनाको आयु (वर्ष) | भौतिक संरचनाको आयु र ह्रासकट्टि दर (प्रतिशतमा) | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | 0-5 | 5-10 | 10-15 | 15-20 | 20-25 | 25-30 | 30-35 | 35-40 | 40-45 | 45-50 | 50-55 | 55-60 | 60-65 | 65-70 | 70-75 |
| पक्का आरसिसि | 75 | 10 | 19 | 27 | 34 | 41 | 47 | 52 | 57 | 61 | 65 | 69 | 72 | 75 | 77 | 79 |
| सिमेन्टको जोडाईमा ईट्टा ढुङ्गाको गाह्रोमा ढलान | 50 | 11 | 21 | 30 | 37 | 44 | 50 | 56 | 61 | 65 | 69 | 72 | 75 | 78 | 80 | 83 |
| माटोको जोडाईमा ईट्टा ढुङ्गाको गाह्रोमा ढलान | 50 | 12 | 23 | 32 | 40 | 47 | 54 | 59 | 64 | 68 | 72 | 75 | 78 | 81 | 83 | 85 |
| पक्का आरसिसि जस्ताको छाना | 40 | 13 | 24 | 34 | 43 | 50 | 57 | 62 | 67 | 71 | 75 | 78 | 81 | 84 | 86 | 88 |
| सिमेन्टको जोडाईमा ईट्टा ढुङ्गाको गाह्रोमा जस्ताको छाना | 40 | 14 | 26 | 36 | 45 | 53 | 60 | 65 | 70 | 74 | 78 | 81 | 84 | 86 | 88 | 90 |
| माटोको जोडाईमा ईट्टा ढुङ्गाको गाह्रोमा जस्ता,स्लेटको छाना | 35 | 15 | 28 | 39 | 48 | 56 | 62 | 68 | 73 | 77 | 80 | 83 | 86 | 88 | 90 | 91 |
| माटोको जोडाईमा ईट्टा ढुङ्गाको गाह्रोमा खर वा अन्यको छाना | 20 | 19 | 34 | 47 | 57 | 65 | 72 | 77 | 81 | 85 | 88 | 90 | 92 | 94 | 95 | 96 |

अनुसूचि ४

**आर्थिक ऐन २०७५को दफा ६(१) संग सम्वन्धित**

# घर बहाल कर

| | |
|---|---|
| सुन्दरबजार नगरपालिकाले आफ्नो क्षेत्र भित्र घर, पसल, ग्यारेज, गोदाम सेड,छप्पर, कारखाना, जग्गा वा पोखरी पुरै वा आंशिक रुपमा दिइएकोमा सम्वर्नधित धनि बाट बहालरकमको | १२ प्रतिशत |

# अनुसूचि ५

## आर्थिक ऐन २०७५ को दफा ७(१) संग सम्वन्धित

भ्याटमा दर्ता भएका व्यवसायी एवं ठूला व्यवसायीलाई क श्रेणीको, पानमा दर्ता भएका र साना व्यवसायीलाई ख श्रेणीको क वा ख श्रेणी नपरेका ग्रामिण क्षेत्रका ज्यादै कर आर्थिक कारोबार भएका व्यवसायलाई ग श्रेणी र भ्याट वा पानमा दर्ता प्रक्रियामा रहेका व्यवसायीहरुलाई रु. ५००। र दर्ता भईसकेपछि तल उल्लेख भए बमोजिमको कर लगाउनेगरी निर्णय गरियो ।

| क.सं. | व्यवसायको विवरण | चालु आव २०७४/७५ करको श्रेणी | | आगामी आव २०७५/७६ करको श्रेणी | | |
|---|---|---|---|---|---|---|
| | स्तर | क रु. | ख रु. | क रु. | ख रु. | ग.रु. |
| १_ | पर्यध्न उद्योग | | | | | |
| १.१ | होमस्टे | ३०० | ३०० | ३०० | १०० | |
| १.२ | होटल, लज एवं साधारण होटल | १५०० | ५०० | १००० प्रा.ली | ५०० | ३०० |
| १.३ | रेष्टूरेन्ध (मःम, तास, सेकूवा आदि) | १००० | ३०० | ७०० | ४०० | |
| २_ | व्यापारिक वस्तू | | | | | |
| २.१ | खाद्यान्न, किराना डिलर र खूद्रा | १५०० | ५०० | १५०० | १००० | खुद्रा मात्र ५०० |
| २.२ | कपडा तथा फेन्सी पसल | १५०० | ५०० | १५०० | १००० | ७०० कपढा फेन्सी ग्रामिण क्षेत्र |
| २.३ | आयल पम्प | १५०० | १५०० | १५०० | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २.४ | विद्युत सामान तथा विद्युतीय सामग्री टि.भी., घडी रेडियो बिक्री | १००० | ३०० | १००० | ५०० | |
| २.५ | हेभी इक्विपमेन्ट बस, ट्रक, कारखाना मर्मत | २००० | २००० | २००० | | |
| २.६ | मोटरसाइकल मर्मत | ८०० | ८०० | ८०० | | |
| २.७ | साइकल मर्मत | ५०० | ५०० | ५०० | | |
| २.६ | निर्माण सामाग्री (हार्डवेयर) | २००० | १००० | २००० | १००० | |
| २.७ | सूनचांदी पसल (ज्वेलेरी) | १५०० | १००० | १५०० | १००० | |
| २.९ | उनी धागो पसल | ५०० | ३०० | ३०० | | |
| २.१० | जूत्ता चप्पल पसल | ८०० | ३०० | ८०० | ५०० | |
| २.११ | सपिङ सेन्ढर | १००० | ५०० | १००० | ५०० | |
| **३_** | **अन्य सेवा** | | | | | |
| ३.१ | विविध श्रृघार पसल (थोक/खुद्रा) | ८०० | ३०० | ८०० | ४०० | |
| | व्युटि पार्लर | | | ५०० | | |
| ३.२ | फर्निचर पसल | १२०० | ८०० | १२०० | ८०० | |
| ३.३ | भांडा र गिफ्ट पसल (थोक/खुद्रा) | १००० | ५०० | १००० | ५०० | |
| ३.४ | केवूल, नेटवर्किङ | ५००० | ५००० | ५००० | | |
| ३.५ | पूलवोर्ड (प्रति वोर्डरु.) | ४०० | ४०० | ४०० | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३.६ | भिडियो गेम (प्रति स्क्रिम रु.२००।) | २०० | २०० | २०० | | |
| ३.७ | पूस्तक तथा पत्रिका पसल | ७०० | ३०० | १००० त*थ/ | ५०० | |
| ३.८ | नर्सरी र फलफुलका विरुवा बिक्रीवितरण | ४०० | २०० | २०० | | |
| ३.९ | सस्थागत पेन्टर | २०० | २०० | २०० | | |
| ३.१० | तरकारी पसल | ३०० | १०० | ५०० | | |
| ३.११ | वीज भणर | ५०० | २०० | ५०० | २०० | |
| ३.१२ | मासू पसल | ८०० | २०० | ८०० | ४०० | |
| ३.१३ | कपडा सिलाई | ८०० | ३०० | ८०० | ५०० | |
| ३.१४ | हेयर कटिङ | ५०० | ५०० | १००० | | |
| ३.१५ | आर्ट | ३०० | ३०० | ३०० | | |
| ३.१६ | फोटो स्टूडियो | ८०० | ३०० | ८०० | ५०० | |
| ३.१७ | रंगरोगन पसल | १००० | ५०० | १००० | ५०० | |
| ३.१८ | चश्मा पसल | ५०० | ५०० | ५०० | | |
| | जिम हाउस | | | ५०० | | |
| ४_ | **मर्मत संभार** | | | | | |
| १ | रेडियो टि.भि टी, प्रेशर कुकर, हिट टेलीफोन सेट पंखा तथा स्टोभ, विद्युत सामग्री मर्मत केन्द्र | ८०० | ३०० | ८०० | ३०० | |
| | मोबाइल पसल विक्री तथा मर्मत केन्द्र | | | १००० | | |
| ५_ | **सेवा उद्योग** | | | | | |
| १ | डाइभिङ इन्स्टिच्यूट | ८०० | ८०० | ८०० | ८०० | |
| २ | चलचित्र मन्दिर | १००० | १००० | १००० | १००० | |
| ३ | ल्याब तथा फोटो ग्राफि | १००० | ५०० | ५०० | ५०० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | छापाखाना | १००० | ५०० | १००० | ५०० | |
| ६_ | **कृषि तथा वनजन्य उद्योग** | | | | | |
| १ | कृषि वा वन पैदावारमा आधारित उद्योग व्यवसाय, फर्नीचर उद्योग आदी | ५०० | ५०० | ५०० | ५०० | |
| ७_ | **उर्जामुलक** | | | | | |
| १ | वायो ग्यास तथा सौर्य प्रविधि र अन्य श्रोतहरु | १००० | ५०० | ५०० | ५०० | |
| ८_ | **उत्पादन मुलक उद्योग** | | | | | |
| १ | पाउरोटी भण्डार | ८०० | ५०० | ५०० | | |
| २ | मिल कूटानी पिसानी | ८०० | ३०० | ५०० | | |
| ३ | आइसक्रिम उद्योग तथा पसल | २०० | २०० | २०० | | |
| ९_ | **वित्तीय सेवा** | | | | | |
| १ | बैंक क, ख ग, बर्ग | ३००० | २००० | १०००० क वर्ग | ८००० ख,ग वर्ग | |
| | वित्तिय संस्था लघूवित्त | | | ५००० घ वर्ग | | |
| २ | कृषि तथा दुग्ध सहकारी | १५०० | १०० | ५०० | | |
| | बहुउदेश्यिय सहकारी | | | ३००० | | |
| | बचत तथा ऋृण सहकारी | | | २००० | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | रेमिटेन्स सेवा | ५०० | ५०० | १००० | | |
| १०_ | **स्वास्थ्य सेवा** | | | | | |
| १ | निजी तथा गैरसरकारी अस्पताल | १५०० | ८०० | १५०० | ८०० | |
| २ | नर्सिङ होम | १५०० | ८०० | १५०० | ८०० | |
| ३ | क्लिनिक तथा ल्याव | ५०० | ५०० | ५०० | | |
| ४ | औषधि पसल फार्मेसी | ५०० | ५०० | ६०० | ४०० | |
| ५ | दांत बनाउने पसल | ५०० | ५०० | ५०० | | |
| ११_ | **शिक्षा सेवा** | | | | | |
| १ | नि.जि क्षेत्रका बोर्डिङ स्कुल क्याम्पस मा.वि. र प्रा.वि. | क्याम्पस २००० | आधारभुत १००० | २००० | १००० प्रा.वि भन्दा तल सबैमा | |
| २ | टाईपिङ, कम्प्यूटर सिकाउने तथा भाषा प्रशिक्षण संस्था | १००० | ५०० | १००० | ५०० | |
| ३ | सिलाई, बूनाई, पेन्टिङ, कटिङ प्रशिक्षण | १००० | ५०० | १००० | ५०० | |
| ४ | टेक्निकल इन्स्टिच्युट | ५०० | ५०० | ५०० | | |
| १२_ | **निर्माण व्यवसायी** | | | | | |
| | निर्माण व्यवसायी नगरपालिकामा प्रधान कार्यालय भएको निर्माण व्यवसायमा क, ख, ग, ३ | ५०००.,३०००.,२०००.,१०००. | | ५०००.,३०००.,२०००.,१०००. | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १३_ | **संचार सेवा** | | | | | |
| १ | निजी क्षेत्रका कूरियर, फ्याक्स, इमेल, इन्टरनेट सेवा प्रदायक कम्पनी | ५०० | ५०० | ३००० | | |
| १४_ | **विशेष १ मरामर्श तथा अन्य व्यवसायिक सेवा** | | | | | |
| १ | चिकित्सक विशेष १ (स्वा.सहायक, कविराज) | ५०० | ३०० | ५०० | ३०० | |
| २ | ल फर्म | ५०० | ३०० | ५०० | ३०० | |
| ३ | कन्सल्टेन्सी फर्म (इन्जीनियर ओ.) | १०००० | १०००<br>० | १०००० | | |
| ४ | ज्योतिस | ३०० | ३०० | ३०० | | |
| ५ | अडिटर फर्म | १००० | १००० | १००० | | |
| | ट्युसन सेन्टर | | | १००० | | |
| १५_ | **अन्य व्यवसाय** | | | | | |
| १ | कवाडी सामानको थोक बिक्रेता | २००० | २००० | ३००० | | |
| २ | टेण्ट हाउस | १००० | ८०० | १००० | ८०० | |
| ३ | लाउण्डी पसल (धोवि) | ५०० | ५०० | ५०० | | |
| ४ | मादल पसल | ३०० | ३०० | ३०० | | |
| ५ | माटोको भांण बनाउने | ३०० | २०० | १०० | | |
| ६ | मिठाई पसल | ८०० | ५०० | ८०० | ५०० | |
| १६_ | **सा. उद्योग** | | | | | |
| १ | कटिङ ढुंगा उद्योग | १००० | १००० | १००० | | |
| २ | इट्टा भट्टा | २५०० | २००० | २५०० | २००० | |
| ३ | ग्रिल उद्योग | १५०० | १००० | १५०० | १००० | |
| ४ | अन्य उद्योग | १५०० | १००० | १५०० | १००० | |
| ५ | ब्लक उद्योग | १००० | १००० | १००० | | |

| १७_ | टावर | | | | | |
|---|---|---|---|---|---|---|
| १ | घरमाथि टावर निर्माण गर्दा | ५००० | ५००० | ५००० | | |
| २ | जमिनमा टावर निर्माण | ४००० | ४००० | ४००० | ४००० | |
| ३ | प्राईभेट कम्पनी स्थापना र संचालन | २५०० | २५०० | २५०० | | |
| | कृषि व्यवसाय दर्ता (वंगुर, कूखुरा फारम, लगायत कृषि क्षेत्र) | | | १०० | | |
| | कृषि औजार तथा मेसिनरी विक्री | | | १००० | | |

- *घरमाथि टावर निर्माण गर्दा त्यस्तो घरको घरनक्सा पास हुनुपर्नेछ र तिर्नुपर्ने सबै किसिमको कर दस्तुर तिरेको हुनुपर्नेछ।*
- *काष्ठ उद्योग दर्ता नगरि सर्कूलर मोटर वा ईलोक्ट्रोनिक्स सामाग्री लिएर अवैंधानिक रुपमा संञ्चालन गरेको पाइएकमा रु .५०० जरिवाना लिई सचेत गराउने साथै पुन: फेला परेमा सामान जफत गरि रु.२००० जरिवाना गरिने छ ।*
- *नगर क्षेत्र भित्र सम्पूर्ण दर्ता प्रकृया पुरा गरि संचालन भएका ब्यवसायहरुलाई विभिन्न क्षेत्र बाट गाडी, मोटरसाईकल वा ब्यक्ति द्वारा अवैधानिक रुपमा ब्यापार संचालन गर्न, नगर क्षेत्र का ब्यावसायिलाई अवरोध खडा गर्न पाईने छैन् ।*
- *बेला बखत संचालन हुने नगर क्षेत्र बाहिरवाट फेन्सी वा खुद्रा सामान पटके ब्यवसायमा थोक वा खुद्रा ब्यवसायको हकमा रु. १०० प्रति प्रतिपटक रकम असुल गरिने छ ।*
- *नगर क्षेत्रमा घुमार चटपटे, पानी पुरी, बदाम, वा अन्य यस्तै घुमाएर बेच्ने पसलको हकमा प्रतिपटक रु.२० लाग्नेछ ।*
- *यसरी चटपटे, पानी पुरी, बदाम, वा अन्य यस्तै चिजवाट निस्कने फोहोरमैला स्वयम विक्री गर्ने ब्यक्तिले ब्यवस्थित गर्नु पर्ने छ ।*

## अनुसूचि ६
## आर्थिक ऐन २०७५को दफा ८(१) संग सम्वन्धित

| ५. | बार्षिक सवारी कर | आ.ब. ०७४/०७५ | आ.ब. ०७४/०७५ |
|---|---|---|---|
| १ | बस, ट्रक, लहरी | ५०० | ५०० |
| २ | मिनीबस, ट्रक (५ पांग्रे) | ४०० | ४०० |
| ३ | मिनीबस, ट्रक (चार पांग्रे) | ३५० | ३५० |
| ४ | भाडाको कारजीप | २०० | २०० |
| ५ | निजी कार, भ्यान, जिप, पिकअप | २०० | २०० |
| ६ | ट्याक्टर ठुलो ४० हर्ष पावर भन्दा माथि | ३०० | ३०० |
| ७ | ट्याक्टर सानो २० हर्ष पावर भन्दा सानो | २५० | २५० |
| ८ | स्कूटर मोटरसाइकल | ८० | ८० |
| ९ | ठेला तथा रिक्सा | ८० | ८० |
| १० | सफा टेम्पो | २०० | २०० |
| ११ | गोरु गाडा | ५० | ५० |
| १२ | पावर टेलर | २०० | २०० |
| १३ | लोडर, डोजर र एक्साभेटर (भ्याकूम) | १,०००.०० | १,०००.०० |

# अनुसूचि ७

# आर्थिक ऐन २०७५को दफा ९(१) संग सम्वन्धित

| | विज्ञापन दर | आ.व २०७४/०७५ | आ.व २०७५/०७६ |
|---|---|---|---|
| १. | साइनवोर्ड, ग्लोर्वो, स्टल डआदिमा २५ वर्गफूट भन्दा माथि (मदिराजन्य, सूर्तिजन्य) | प्रतिवर्ग फुट ५०। | प्रतिवर्ग फुट ५०। |
| | साइनवोर्ड, ग्लोवोर्ड, स्टल आदिमा २५ वर्गफूट भन्दा माथि (अन्य) | ४० | ४० |
| २. | साइनवोर्ड, ग्लोवोर्ड, स्टल आदिमा २५ वर्गफूट सम्म (मदिराजन्य, सूर्तिजन्य) | प्रतिवर्ग फुट ५०। | प्रतिवर्ग फुट ५०। |
| | साइनवोर्ड, ग्लोवोर्ड, स्टल आदिमा २६ वर्गफूट भन्दा माथि (अन्य) | ४० | ४० |
| ३. | तूल व्यानर एक हप्ताको लागि | ५० | ५० |
| ४. | तूल व्यानर एक हप्ता भन्दा बढी | १०० | १०० |

## अनुसूचि ८
## आर्थिक ऐन २०७५ को दफा १०(१) संग सम्वन्धित

# विविध कर तथा शूल्क

| सि.नं. | विवरण | चालू आ ब २०७४/७५ का लागि दररेट | आगामी आ.व २०७५/७६ का लागि प्रस्तावित दररेट |
|---|---|---|---|
| १ | **सिफारिस** | | |
| १ | नाता प्रमाणित | सा.सु. प्रयोजन २०० अन्य प्रयोजन ३०० | सा.सु. प्रयोजन २०० अन्य प्रयोजन ३०० |
| | बैंक खाता खोल्ने सिफारिश | ५० | ५० |
| | जिविस वा अन्य सरकारी निकाय सिफारिश | १०० | १०० |
| २ | राहदानी सिफारिस | ७०० | ७०० |
| ३ | घरजग्गा नामसारी/हकवाला प्रमाणित | ५००। | ५००। |
| ४ | घर कायम सिफारिस | कच्ची ३ र ३०० पक्की ५०० | कच्ची ३ र ३०० पक्की ५०० |
| ५ | पेन्सन कार्ड वा सो सम्बन्धी अन्य सिफारिस | ५०० | ५०० |
| ६ | हकवाला संरक्षण सम्बन्धी सिफारिस | २०० | २०० |
| ७ | संघ संस्था दर्ता सम्बन्धी सिफारिस | ५०० | ५०० |

| | | | |
|---|---|---|---|
| ८ | निजी विद्यालय दर्ता र स्तर बृद्धि | | |
| | मन्टेश्वरी | | ५००० |
| | प्रा.वि/नि.मा.वी/आधार भूत | | ५०००. शिक्षा नियमावली अनूसार |
| | मा.वि/ उच्च मा.वि | | १००००. |
| ९ | काठ दाउराको सिफारिस | काठ १५०० कुकाठ १००० | काठ १५०० कुकाठ १००० |
| | व्यक्तिगत प्रयोजनको लागि | | स्थानिय तहभित्र रु.१०० |
| | स्थानीय तहभित्र व्यवसायिक प्रयोजन | | काठको १५००. कूकाठको १०००. प्रति ट्रक |
| | व्यवसायिक प्रयोजन जिल्ला बाहिर | | काठ प्रति ट्याक्टर ५०००।, प्रति ट्रक रु. २०००, कुकाठको लागि प्रति ट्याक्टर १५०० र प्रति ट्रक ७०००। |
| १० | अंग्रेजी रुपान्तर | ५०० | ५०० |
| ११ | वंशजको नागरिकता सम्बन्धी सिफारिस | १,००.०, प्रतिलिपी १५० | १,००.०, प्रतिलिपी १५० |
| १२ | अंगिकृत नागरिकता सम्बन्धी सिफारिस | ५,००.० | ५,००.० |
| १३ | नाम छूटको सिफारिस | १,००.० | १,००.० |
| १४ | चार किल्ला प्रमाणित सिफारिस | ३००। थप प्रति कित्ता ५०। | प्रति रोपनी ३०० १ रोपनी देखि १० रोपनी सम्म ५०० |

| | | | |
|---|---|---|---|
| | | | १० रोपनि भन्दा माथी सबैमा १०० |
| १५ | सनाखतको सिफारिस | ३००.० | ३००.० |
| १६ | जन्म, मृत्यू, विवाह, बसांईसराइ सम्बन्धी सिफारिस | १५०.० | १५०.० |
| १७ | स्थायी बसोबास सम्बन्धी सिफारिस | १५०.० | १५०.० |
| १८ | नाम, थर, जन्म मिति संशोधन सिफारिस | ३००.० | ३००.० |
| १९ | सर्जमिन शूल्क | ५००.० | ५००.० |
| २० | अमिन शूल्क | २०००.० प्रति कित्ता<br>त्यसपछि प्रति कित्ता १०००.० | २०००.० प्रति कित्ता |
| २१ | विद्यूत जडान सम्बन्धी सिफारिस | | |
| | आर.सी.सी. पक्की घर | ३,००.० | ३,००.० |
| | अन्य घर | २,००.० | २,००.० |
| २२ | टेलिफोन जडान सम्बन्धी सिफारिस | ३,००.० | ३,००.० |
| २३ | निजी धारा जडान सम्बन्धी सिफारिस | ३,००.० | ३,००.० |
| २४ | चारित्रिक प्रमाणीत सिफारिस | ५००.० | ५००.० |
| २५ | प्लटिङ सेवा शूल्कः २ रोपनीसम्म, सो भन्दा माथि ५ रोपनीसम्म प्रति १ रोपनी र सोभन्दा बढी प्रति १ रोपनी | २५,०००.०, १०,०००.० / ५,०००.० | २५,०००.०, १०,०००.० / ५,०००.० |
| २७ | उद्योग स्थापना सिफारिस | | |

| | | | |
|---|---|---|---|
| | कृषिजन्य उत्पादन / प्रशोधन हुने | १००.० | १००.० |
| | लघु साना उद्योग | ५००.० | ५००.० |
| | मझौला उद्योग | १०००.० | १०००.० |
| | ठूला उद्योग | १५००.० | १५००.० |
| २८ | भवन निर्माणको साधारण स्वीकृति सम्बन्धी सिफारिस | १०००.० | १०००.० |
| २९ | छात्रवृत्ति सम्बन्धी सिफारिस | निशुल्क | निशुल्क |
| २_ | **अन्य दस्तुर** | | |
| १ | निवेदन फाराम शुल्क | १०.० | २०.०० |
| २ | अनूसुची | १०.० | १०.० |
| ४ | भवन निर्माण दरखास्त फाराम | ७००.० | ७००.० |
| ५ | पति पत्नी सम्बन्ध विच्छेद निवेदन दस्तुर | १५०० | १५०० |
| ६ | जन्म, मृत्यू, विवाह, वसाईसराई र सम्बन्ध विच्छेद विलम्व दस्तूर | ५० | ५० |
| ७ | परीक्षा सम्बन्धी दरखास्त फाराम शुल्क | १५० | १५० |
| ८ | कोटेशन फाराम शुल्क | आर्थिक नियमावली अनूसार | आर्थिक नियमावली अनूसार |
| ९ | टेण्डर फाराम शुल्क | आर्थिक नियमावली अनूसार | आर्थिक नियमावली अनूसार |
| १० | निवेदन नक्कल प्रति पाना | कार्यालयले ७० आफैले ५।० | कार्यालयले ७० आफैले ६।० |
| ११ | घरपालूवा कूकूर दर्ता र नवीकरण दस्तूर | १०० | १०० |
| १२ | भरुवा बन्दूक नवीकरण दस्तूर | जिल्ला भर १००।० राज्य २००।० | जिल्ला भर १००।० राज्य २००।० |
| १३ | ३र निर्माण नक्शाको | ३०० | ३०० |

| | | | |
|---|---|---|---|
| | नक्कल दस्तूर | | |
| १४ | मिलापत्र दस्तूर प्रति पक्ष | ३०० | ३०० |
| १५ | वडा बाट आएका संक्कल कागजात हरुको प्रमाणीत शुल्क | १०० | १०० |
| १६ | विवाहित /अविवाहित सिफारिस दस्तूर (नेपाली अंग्रेजी) | ५०० | ५०० |
| १७ | नाता कायम सिफारीस | ३०० | ३०० |
| १८ | नाबालक सिफारिस | १०० | १०० |
| १९ | संस्था नविकरण सिफारिस | ३०० | ३०० |
| २० | एकिकृत सम्पत्ति कर विवरण दस्तूर | निशूल्क | निशूल्क |
| २१ | नक्सापास दरखास्त फाराम (नक्सापास किताव) | ५०० | ५०० |
| २२ | प्रोजेक्टर भाड (नगर क्षेत्रभित्र) | १ दिनको रु १००० | १ दिनको रु १००० |
| जद्द]^त्त | आर्थिक सहायता, दीनदूःखी हरुको हकमा नगर प्रमूख/प्रमूख प्रशासकीय अधिकृतको तोक आदेश अनूसार निशुल्क सेवा प्रदान गर्न सकिन्छ । | निशुल्क | निशुल्क |
| **३** | **हैसियत प्रमाणित** | | |
| | ऋण र वैदेशिक रोजगारका लागि | | |
| १ | रु.१ देखी १० लाखसम्म | १,०००.०० | १,०००.०० |
| २ | रु.१० लाख १ देखी २० लाखसम्म | २,०००.०० | २,०००.०० |

| | | | |
|---|---|---|---|
| ३ | रु.२० लाख १ देखी ३० लाखसम्म | ३,०००.०० | ३,०००.०० |
| ४ | रु.३० लाख १ देखी ४० लाखसम्म | ३,५००.०० | ३,५००.०० |
| ५ | रु.४० लाख १ देखी ५० लाखसम्म | ४,०००.०० | ४,०००.०० |
| ६ | रु.५० लाख १ देखी भन्दा बढी प्रत्येक १० लाखमा | पचासलाख भन्दा बढि ०.०७७० प्रतिशतले लिने | पचासलाख भन्दा बढि ०.०७७० प्रतिशतले लिने |
| स | अध्ययनको लागि | | |
| १ | रु.२० लाख सम्मको रु.१०००।०० | १००० | १००० |
| २ | रु.३० लाख सम्मको रु.१५०००।०० | १,५००.०० | १,५००.०० |
| ३ | रु.५० लाख सम्मको रु.२५०००।०० | २,५००.०० | २,५००.०० |
| ४ | रु.५० लाखभन्दा बढी प्रत्येक १० लाखमा | पचासलाख भन्दा बढि ०=०५० प्रतिशतले लिने | पचासलाख भन्दा बढि ०=०५० प्रतिशतले लिने |
| ल_ | अंशवण्डा र दानबकसमा<br>व्यवसाय दर्ता सम्वन्धी सिफारिस<br>विद्युत टेलिफोन खानेपानी सम्वन्धी नामसारी सिफारिस<br>मुद्धा दर्ता<br>व्यवसाय दर्ता | १५० | १५०<br>५००<br>३००<br>१००<br>५०० |

| घरबाटो सिफारिश | | |
|---|---|---|
| सडकले नछोएको | ३०० | ४०० |
| कच्ची सडकले छोएको | ४०० | ५०० |
| ग्राभेल सडकले छोएको | ५०० | ६०० |
| शाखा पीच सडकले छोएको | ६०० | ७०० |
| राजमार्गले छोएको | ७०० | ८०० |

नगरपालिकाको ब्याक हो लोडर संचालन गर्दा ग्रीज बाहेक ईन्दन सम्वन्धीत प्रयोग प्रयोगकर्ताको हुने गरी प्रति ३०६ रु.१२०० शुल्क असुल गरिने छ । साथै ब्याक हो लोडर नगरपालिका क्षेत्र भित्र संचालन भएका साझा योजनामा मात्र भाडामा दिईनेछ ।

| | |
|---|---|
| एकिकृत सम्पत्तिकर प्रतिलिपि शुल्क रु. | रु.५०। |
| एकबर्ष भित्र एकिकृत सम्पत्तिकर नवुझाएमा | २० प्रतिशत |
| दुई बर्षको बक्यौतामा | २५ प्रतिशत |
| तिन बर्षको बक्यौता रकममा | ३० प्रतिशत |
| चारबर्षको बक्यौता रकममा | ४० प्रतिशत |
| पांच बर्षको बक्यौता रकममा | ४५ प्रतिशत |
| पांचबर्ष भन्दा माथी सबैमा | ५० प्रतिशत |

# अनुसूचि ९
## आर्थिक ऐन २०७५को दफा ११(१) संग सम्वन्धित

| सि. नं. | भौतिक संरचनाको विवरण | आव २०७४/७५ को नक्सापास दस्तुर -प्रति व.फी. रु) | आव २०७४/७५ सम्मको नक्सापास दस्तुर -प्रति व.फी.रु) |
|---|---|---|---|
| १ | आर. सी. सी. फ्रेम स्ट्रक्चर | | |
| क) | भूमिगत तला | ५ | ५ |
| ख) | भई तला | ५ | ५ |
| ग) | पहिलो तला | ७ | ७ |
| घ) | दोश्रो तला | ९ | ९ |
| ङ) | तेश्रो तला | १२ | १२ |
| च) | चौथो तला | १५ | १५ |
| छ) | पाचौ तला र पाचौ तला भन्दा माथी | प्रति तला थप रु ३ का दरले बढ्दै जाने | |
| २ | सिमेन्टको जोडाईमा इटा वा ढुंगाको गारो आर.सी.सी. स्लेट, टायल जस्तापाता छाना | ४ | ४ |

| | | | |
|---|---|---|---|
| ३ | माटोको जोडाईमा इटा वा ढुंगाको गारो आर.सी.सी.स्लेट, टायल, जस्तापाता छाना | ३ | ३ |
| ४ | अस्थायी घर वा उपरोक्तानुसारका घरहरुको नक्सापास दस्तुर लिदां न्यूनतम रु। हुन १०००. | | |

# अनुसूचि १०

## आर्थिक ऐन २०७५को दफा १७ संग सम्वन्धित

| सि.न. | शिर्षक | दर (प्रतिक्युविक फिट |
|---|---|---|
| १ | रोडा,गिट्टी, गेग्रान | चार रुपैया |
| २ | ढुङ्गा,चट्टान ,स्लेट | चार रुपैंया |
| ३ | चिप्स | तिन रुपैया |
| ४ | माटो | दुई रुपैया |
| ५ | बालवा | तिन रुपैया |
| ६ | चुन ढुङ्गा | छ रुपैया |
| ७ | नदि तथा खोलाले बगाएर ल्याएको काठ दाउरा आदि | प्रति किलो दुई रुपैया मात्र |

अ) “ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान दहत्तर बहत्तर भन्नाले” नदि खोल्सा खोल्सी बन क्षेत्र वा सार्वजनिक वा निजी जग्गाबाट उत्खनन वा संकलन गरिने बहुमुल्य पत्थर, ऐतिहासिक र साँस्कृतिक महत्वका शालिग्राम शिला र अति मूल्यवान बस्तु बाहेकका ढुङ्गा, गिट्टी, वालुवा, रोडा, गेग्रान, चट्टान, माटो, चुनढुङ्गा, स्लेट, जस्ता नदीले बगाई ल्याएको वा थिग्रीएको नदी तथा खानीजन्य प्राकृतकि स्रोतलाई सम्झन ।

***प्रमाणीकरण मिति : २०७५/०३/३० गते***

**आज्ञाले,**
**प्रेम राज गिरी**
**प्रमुख प्रशासकीय अधिकृत**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. १५।-
गो.हु.द.नं. १६।२०६२।६३